# गजुरी गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,२०७५

**प्रस्तावनाः** गजुरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर,दस्तुर तथा शुल्क संकलन गर्ने,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा २ वमोजिम गजुरी गाउँपालिकाको गाउँसभाले यो ऐन वनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम आर्थिक ऐन २०७५ रहेको छ ।

२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि गजुरी गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२) **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले तोके वमोजिमको सम्पतिको मुल्यांकनमा अनुसुचि १ वमोजिम सम्पति कर लगाईने र असुल उपर गरिनेछ । यो कर लगाईसकेपछि भुमिकर लगाईने र असुल उपर गरिनेछैन ।

स्पष्टिकरणः सम्पति भन्नाले गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाको निजि स्वामित्वमा रहेको सम्पुर्ण घर जग्गाको प्रचलित दरमा एकिकृत रुपमा हिसाव गरी निर्धारण गरेको मुल्यलाई जनाउनेछ ।

३) **घरजग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज,गोदाम,टहरा,छप्पर,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले वहाल कर लगाईनेछ र असुल उपर गरिनेछ ।

४) **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुचि २ वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

५) **वहाल विरौटीक शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेका हाटवजार वा पसलमा वा सरकारी जग्गाहरुमा वनेका संरचनाहरुको उपयोग वापत वार्षिक प्रतिवर्ग फिट रु.३ का दरले वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

६) **पार्किङ शुल्कः** गाउँपालिका ले आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुचि ३ वमोजिम पार्किङ शुल्क लगाईने र असुलउपर गरिनेछ ।

७) **जडिवुटी,कवाडि र जिवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन,खोटो,जडिवुटी,वनकस,कवाडि माल र प्रचलित कानुनले निषेधित गरेको जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड,सिङ,प्वाख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसुचि ४ वमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

८) **सेवाशुल्क** : गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसुचि ५ मा उल्लेखित स्थानिय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सोही अनुसुचिका व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

९) **प्रदुषण नियन्त्रण शुल्कः** गाउँपालिका क्षेत्रवाट गिटी,ढुंगा,बालुवा,ग्रावेल,माटो तथा माटो मिसिएको बालुवा ढुवानी गरी गाउँपालिकाको क्षेत्र वाहिर निकासि भई जादा वा आन्तरिक ढुवानी हुदा गाउँपालिकाको क्षेत्रमा प्रदुषण हुने भएकोले सो प्रदुषण नियन्त्रणको लागि अनुसुचि ६ मा उल्लेख भए वमोजिमको प्रदुषण नियन्त्रण शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१०) **विज्ञापन करः** १) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ को उपदफा १ ग तथा ३ नंम्वर प्रदेशको आर्थिक ऐनको दफा ५ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका क्षेत्रभित्र राखिने होडिङवोर्ड,साईनवोर्ड,व्यानर,ट्राइभिजन वोर्ड,ग्लो वोर्ड,स्टल,डिजिटल वोर्ड,धातुको फ्रेम वा कुनै स्थानमा लेख्ने वा विद्युतिय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापन मा अनुसुचि ७ वमोजिम विज्ञापन लगाईने र असुल उपर गरिनेछ ।

२) संकलित करको चालिस प्रतिशत (४० %) रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

३) विज्ञापन करको प्रशासन तथा संकलन गजुरी गाउँपालिकाले गर्नेछ ।

११) **मनोरञ्जन करः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ को उपदफा १ घ तथा ३ नम्वर प्रदेशको आर्थिक ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका क्षेत्रभित्र चलचित्र,भिडियो घर,सास्कृतिक प्रदर्शन हल,कन्सर्ट थिएटर,नाटक घर,फनपार्क,वाटर गार्डेन,वाल उद्यान,दोहोरी साँझ,डान्सवार जस्ता मनोरञ्जन स्थलमा आर्थिक ऐनको अनुसुचि ८ मा उल्लेखित दरमा विज्ञापन लगाईने र असुल उपर गरिनेछ ।

१२) **दहत्तर वहत्तर शुल्कः** १) ३ नम्वर प्रदेशको आर्थिक ऐन २०७५ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी गजुरी गाउँपालिका क्षेत्रभित्र अनुसुचि ९ मा उल्लेखित दरमा दहत्तर वहत्तर शुल्क लगाईने र असुल उपर गरिनेछ ।

२) संचालित करको चालिस प्रतिशत (४०%)रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

३) दहत्तर वहत्तर शुल्कको प्रशासन तथा संकलन गजुरी गाउँपालिकाले गर्नेछ ।

१३) पर्यटन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनूसूचि (१०) मा उल्लेखित करमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४) पटके सवारी साधन करः गाउँपालिका आफैंले निर्णय गरी सञ्चालन गरेको सडकहरुमा अनूसूचि ११ मा उल्लेखित दरमा पटके सवारी साधन कर लगाईनेछ ।

१५) संकलित राजश्व सम्वन्धी विशेष व्यवस्थाः चालु आ.व २०७५/७६ मा संकलन भई गाउँपालिकाको संचित कोषमा जम्मा हुनुपर्ने आन्तरिक आय रकमको १०% (दश प्रतिशत) रकम गजुरी गाउँपालिका वडा नं १ मा रहेको आदर्श बहुमुखी क्याम्पसको संचालन तथा व्यवस्थापन खर्चको लागि क्याम्पसको खातामा जम्मा गर्नुपर्नेछ । उक्त खातामा जम्मा हुने रकमको नियमन गाउँपालिकाले गर्नेछ । सो खातामा जम्मा भएको रकम खर्च गर्दा क्याम्पस प्रशासनले गाउँपालिकासंग समन्वय गरी मात्र गर्नुपर्नेछ।

१६) दण्ड जरिवानाः १) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति संस्था वा निकायले गाउँपालिकाको काम उलंघन गरेको पाईएमा गाउँपालिकाको कानुन अनुसारको तोकिएको दण्ड जरिवाना गर्न सक्नेछ ।

२) उपदफा १ वमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानुन वमोजिम हुनेछ ।

१७) दर घटाउ वढाउ वा छुट दिन सक्नेः १) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आवश्यकता अनुसार यो ऐन वमोजिम दस्तुर शुल्क महशुल र करको दर घटाउन वढाउन वा त्यस्तो दस्तुर शुल्क महसुल र कर आशिंक वा पुर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाएको वा वढाएको र छुट दिएको सुचना गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

२) उपदफा १ वमोजिमको करको दर घटाएको वा वढाएको वा छुट दिएको विवरण प्रत्येक वर्ष गाउँसभा वाट पास गराउनुपर्नेछ ।

३) उपदफा १ वमोजिम दिएको पुर्ण वा आंशिक करछुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिएको दस्तुर शुल्क महसुल वा कर रकम असुल उपल गरी सो रकम वरावर जरिवाना गरीनेछ ।

१८) प्रक्रिया सरलिकरण वा वाधा अड्काउ फुकुवा गर्न सक्नेः प्रचलित कर सम्वन्धि कानुन तथा यस ऐन का कार्यान्वयन को क्रममा सार्वजनिक शान्ति सुव्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लेखित ऐन तथा यस ऐनको कार्यान्वयन मा कुनै वाधा अड्काउ पर्न गएमा गाउँकार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न प्रक्रिया सरलिकरण गर्न वा कार्यान्वयनमा देखिएको वाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१९) कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाले तोकेअनुसार हुनेछ ।

# अनुसुचि १

## दफा २ संग सम्वन्धित

## सम्पति कर

| सि.नं | सम्पत्तिको मुल्यांकन विवरण | न्युनतम कर रु. | प्रति लाखमा थप कर रु. |
|---|---|---|---|
| १ | ५ लाख सम्मको सम्पतिमा | ५०.०० | ०.०० |
| २ | ५ लाख १ रुपैया देखि ५० लाख सम्मको सम्पतिमा | ५०.०० | २.०० |
| ३ | ५० लाख १ रुपैया देखि १ करोड सम्मको सम्पतिमा | ५०.०० | ४.०० |
| ४ | १ करोड १ रुपैया देखि २ करोड सम्मको सम्पतिमा | ५०.०० | ५.०० |
| ५ | २ करोड १ रुपैया देखि ३ करोड सम्मको सम्पतिमा | ५०.०० | ६.०० |
| ६ | ३ करोड १ रुपैया देखि ५ करोड सम्मको सम्पतिमा | ५०.०० | ७.०० |
| ७ | ५ करोड १ रुपैया देखि माथि जतिसुकै सम्पति भएतापनि | ५०.०० | १०.०० |

# अनुसुचि २

## दफा ४ संग सम्वन्धित

## व्यवसाय कर

| सि.नं | विवरण | प्रति इकाई | दर |
|---|---|---|---|
| १ | रिसोर्ट | वार्षिक | ५,०००.०० |
| २ | होटल 'क' श्रेणिको | वार्षिक | ४,०००.०० |
| ३ | होटल 'ख' श्रेणिको | वार्षिक | ३,०००.०० |
| ४ | होम स्टे | वार्षिक | १,५००.०० |
| रेष्टुरेन्ट एण्ड वार | | | |
| १ | दोहोरी डान्स वार | वार्षिक | २,५००.०० |
| २ | 'क' श्रेणिको रेष्टुरेन्ट | वार्षिक | २,०००.०० |
| ३ | 'ख' श्रेणिको रेष्टुरेन्ट | वार्षिक | १,५००.०० |
| पार्टी प्यालेस/ क्याटरिङ | | | |
| १ | पार्टी प्यालेस | वार्षिक | ५,०००.०० |
| २ | क्याटरिङ | वार्षिक | ३,०००.०० |
| ३ | टेन्ट हाउस | वार्षिक | २,०००.०० |
| मदिरा पसल/पेय पदार्थ | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| १ | डिष्ट्रिब्युटर्स | वार्षिक | १,0000.00 |
| २ | डिलर/थोक पसल | वार्षिक | ७,000.00 |
| ३ | खुद्रा पसल | वार्षिक | ५,000.00 |
| ४ | हल्का पेय पदार्थ(डिलर) | वार्षिक | २,५00.00 |
| ५ | हल्का पेय पदार्थ खुद्रा पसल | वार्षिक | २,000.00 |
| **चिया/मिठाई पसल/फास्ट फुड तर्फ** | | | |
| १ | सबै प्रकारका मिठाई पाईने ठुला पसल | वार्षिक | २,000.00 |
| २ | सबै प्रकारका मिठाई पाइने मझौला पसल | वार्षिक | १,५00.00 |
| ३ | फाष्टफुड क्याफे | वार्षिक | २,000.00 |
| ४ | साधारण चिया पसल | वार्षिक | १,000.00 |
| **स्टेशनरी तथा पुस्तक पसल/फोटो स्टुडियो** | | | |
| १ | स्टेशनरी तथा पुस्तक डिष्ट्रिब्युटर्स | वार्षिक | ३,000.00 |
| २ | स्टेशनरी तथा पुस्तक थोक | वार्षिक | २,५00.00 |
| ३ | स्टेशनरी तथा पुस्तक खुद्रा | वार्षिक | २,000.00 |
| ४ | छापाखाना | वार्षिक | ५,000.00 |
| ५ | कापी उद्योग | वार्षिक | ३,000.00 |
| ६ | फ्लेक्स प्रिन्ट | वार्षिक | २,५00.00 |
| ७ | फोटोकपी,फ्याक्स,लेमिनेशन | वार्षिक | १,५00.00 |
| ८ | कलर ल्याब | वार्षिक | ३,000.00 |
| ९ | फोटो स्टुडियो | वार्षिक | २,५00.00 |
| १0 | भिडियो ग्राफि व्यवसाय | वार्षिक | ३,000.00 |
| **किराना सामान पसल** | | | |
| १ | होलसेल ठुला पसल | वार्षिक | ५,000.00 |
| २ | मझौला पसल | वार्षिक | ३,000.00 |
| ३ | साना पसल | वार्षिक | २,000.00 |
| **डिपार्टमेन्ट** | | | |
| १ | डिपार्टमेन्ट स्टोर | वार्षिक | ५,000.00 |
| २ | पूजा सामग्री | वार्षिक | २,000.00 |
| ३ | कस्मेटिक थोक पसल | वार्षिक | ३,000.00 |
| ४ | कस्मेटिक खुद्रा पसल | वार्षिक | १,५00.00 |
| ५ | ब्यूटि पार्लर | वार्षिक | १,५00.00 |
| ६ | सैलुन पसल | वार्षिक | १,000.00 |
| ७ | पान पसल खुद्रा सामान सहित | वार्षिक | १,५00.00 |

| | | | |
|---|---|---|---|
| ८ | पान सपल | वार्षिक | १,०००.०० |
| ९ | सुनचाँदी पसल | वार्षिक | १०,०००.०० |
| **पेट्रोलियम पदार्थ तर्फ** | | | |
| १ | पेट्रोल,डिजल र मट्टितेल एउटै भएमा | वार्षिक | ४०,०००.०० |
| २ | पेट्रोल,डिजल पम्प | वार्षिक | ३५,०००.०० |
| ३ | डिजल पम्प वा पेट्रोल मात्र | वार्षिक | ३०,०००.०० |
| ४ | मट्टितेल पम्प | वार्षिक | १०,०००.०० |
| **स्वास्थ्य संस्था तर्फ** | | | |
| १ | नीजि अस्पताल/गैह्र सरकारी अस्पताल | वार्षिक | २०,०००.०० |
| २ | नर्सिङ होम इष्टिच्युट रहित | वार्षिक | १०,०००.०० |
| ३ | पोलिक्लिनिक | वार्षिक | १,५००.०० |
| ४ | क्लिनिक डाक्टर परामर्श सहित | वार्षिक | १०,०००.०० |
| ५ | मेडिकल | वार्षिक | ७,०००.०० |
| ६ | चस्मा पसल आँखा जाच सहित | वार्षिक | ५,०००.०० |
| ७ | क्लिनिक ल्याब सहित | वार्षिक | ५,०००.०० |
| ८ | डेण्टल क्लिनिक | वार्षिक | ५,०००.०० |
| ९ | क्लिनिक प्राक्टिनर्स सहित | वार्षिक | ७,०००.०० |
| १० | चस्मा पसल | वार्षिक | ३,०००.०० |
| ११ | ल्याब/एक्सरे | वार्षिक | १०,०००.०० |
| १२ | आयूवेर्दिक औषधी पसल प्राक्टिशनर सहित | वार्षिक | ७,०००.०० |
| १३ | आयूवेर्दिक औषधी पसल प्राक्टिशनर रहित | वार्षिक | ३,०००.०० |
| १४ | जडिबुटी हर्वल खरिद,प्रशोधन बिक्रि | वार्षिक | ३,०००.०० |
| १५ | एग्रोभेट | वार्षिक | ३,०००.०० |
| **इलेक्ट्रिक/इलेक्ट्रोनिक्स** | | | |
| १ | इलेक्ट्रिक डिलर | वार्षिक | १५,०००.०० |
| २ | इलेक्ट्रिक पसल श्रेणी 'क' | वार्षिक | १०,०००.०० |
| ३ | इलेक्ट्रिक पसल श्रेणी 'ख' | वार्षिक | ७,०००.०० |
| ४ | सौर्य,उर्जा,पार्टस विक्रि तथा मर्मत | वार्षिक | १०,०००.०० |
| ५ | मोबाइल डिलर | वार्षिक | २५,०००.०० |
| ६ | इलेक्ट्रोनिक्स सामान थोक | वार्षिक | ५,०००.०० |
| ७ | कम्प्युटर तथा कम्प्युटर सामान विक्रि | वार्षिक | ५,०००.०० |
| ८ | टि.भी.फ्रिज,वासिङ्ग मेसिन,ग्याँस चुल्हो खुद्रा | वार्षिक | १०,०००.०० |
| ९ | घडी,रेडियो,क्यामरा,साना इलेक्ट्रोनिक्स खुद्रा | वार्षिक | ५,०००.०० |
| १० | ग्याँस सिलिण्डर खुद्रा | वार्षिक | ५,०००.०० |
| ११ | ग्याँस सिलिण्डर खुद्रा | वार्षिक | ५,०००.०० |
| १२ | डिस होम | वार्षिक | ५,०००.०० |

| | | | |
|---|---|---|---|
| **शिक्षा क्षेत्र(निजी शिक्षा क्षेत्र)** | | | |
| १ | क्याम्पस | वार्षिक | ५०,०००.०० |
| २ | माध्यामिक तह | वार्षिक | ३०,०००.०० |
| ३ | आधारभुत तह | वार्षिक | २०,०००.०० |
| ४ | पूर्व बालशिक्षा | | १५,०००.०० |
| ५ | प्राविधिक शिक्षालय | वार्षिक | ३०,०००.०० |
| ६ | ड्राईभिङ इष्टिच्युट | वार्षिक | ५,०००.०० |
| ७ | एजुकेशन कन्सल्टेन्सी/ट्युसन/भाषा प्रशिक्षण | वार्षिक | ५,०००.०० |
| ८ | प्रशिक्षण,तालिम,अनुषन्धान केन्द्र | वार्षिक | ५,०००.०० |
| ९ | कम्प्युटर इष्टिच्युट | वार्षिक | ५,०००.०० |
| १० | डान्स इष्टिच्युट | वार्षिक | ५,०००.०० |
| **बैंक तथा फाईनान्स कम्पनी तर्फ** | | | |
| १ | वाणिज्य वैंक मुख्य कार्यालय क वर्ग | वार्षिक | ५०,०००.०० |
| २ | वाणिज्य वैंक शाखा कार्यालय क वर्ग | वार्षिक | ३०,०००.०० |
| ३ | विकास वैंक मुख्य कार्यालय क वर्ग | वार्षिक | ५०,०००.०० |
| ४ | विकास वैंक शाखा कार्यालय क वर्ग | वार्षिक | ३०,०००.०० |
| ५ | फाईनान्स कम्पनी मुख्य कार्यालय | वार्षिक | २५,०००.०० |
| ६ | फाईनान्स कम्पनी शाखा कार्यालय | वार्षिक | २०,०००.०० |
| ७ | बीमा कम्पनी | वार्षिक | १०,०००.०० |
| ८ | रेमिट्यान्स/मनी एक्सेन्जर | वार्षिक | ७,०००.०० |
| ९ | वीत्तीय सहकारी संस्था | वार्षिक | ५,०००.०० |
| **कुटानी,पिसानी,पेलानी तर्फ** | | | |
| १ | कुटानी,पिसानी,पेलानी विक्रि सहित | वार्षिक | ५,०००.०० |
| २ | कुटानी,पिसानी,पेलानी मिल मात्र | वार्षिक | ३,०००.०० |
| ३ | कुटानी,पिसानी मिल | वार्षिक | २,५००.०० |
| ४ | चिउरा मिल | वार्षिक | २,०००.०० |
| ५ | मसल कुटानी,पिसानी | वार्षिक | १,५००.०० |
| **निर्माणसंग सम्वन्धित सामानको विक्रेता** | | | |
| १ | हार्डवयर डिलर | वार्षिक | २०,०००.०० |
| २ | हार्डवयर पसल श्रेणी क | वार्षिक | १५,०००.०० |
| ३ | हार्डवयर पसल श्रेणी ख | वार्षिक | १०,०००.०० |
| ४ | सिसा,प्लाई सन्माइका | वार्षिक | ७,०००.०० |
| ५ | गिट्टि,ढुङ्गा,इट्टा,बालुवा डिपो तथा विक्रि | वार्षिक | १०,०००.०० |
| **भवन निर्माण सम्वन्धि ठेक्का,पट्टा** | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| १ | अन्तराष्ट्रिय निर्माण व्यवसायी एवं परामर्शदाता | वार्षिक | १०,०००.०० |
| २ | निर्माण व्यवसायी | वार्षिक | १०,०००.०० |
| ३ | निजी ठेकेदार | वार्षिक | ७,०००.०० |
| ४ | सटरिङ | वार्षिक | १,०००.०० |
| ५ | बार वेन्डिङ | वार्षिक | १,०००.०० |
| ६ | टाइल मार्वल | वार्षिक | १,०००.०० |
| ७ | रङ्ग,रोगन | वार्षिक | १,०००.०० |
| ८ | प्लम्बिङ | वार्षिक | १,०००.०० |
| ९ | इलेक्ट्रिसियन वाइरिङ्ग | वार्षिक | १,०००.०० |
| १० | कारपेन्ट्री | वार्षिक | १,०००.०० |
| ११ | डकर्मी ठेक्का | वार्षिक | ३,०००.०० |
| १२ | ट्रान्सपोर्ट ढुवानी सेवा | वार्षिक | ३,०००.०० |
| **उद्योग तर्फ** | | | |
| १ | औधोगिक ग्राम | वार्षिक | २५,०००.०० |
| २ | ठुला उद्योग | वार्षिक | २०,०००.०० |
| ३ | मझौला उद्योग | वार्षिक | १५,०००.०० |
| ४ | साना उद्योगहरु | वार्षिक | १०,०००.०० |
| ५ | गेवियन जाली वुन्ने मेसिन | वार्षिक | ५,०००.०० |
| ६ | गेवियन जाली वुन्न हात | वार्षिक | ३,०००.०० |
| ७ | बेकरी/पाउरोटी उद्योग | वार्षिक | ३,०००.०० |
| ८ | अचार/अगरबत्ती तथा मैनबत्ती उद्योग | वार्षिक | १,०००.०० |
| ९ | बरफ आईसक्रिम उद्योग | वार्षिक | १,५००.०० |
| १० | गारमेण्ट उद्योग | वार्षिक | २,५००.०० |
| ११ | सिमेण्ट,ब्लक,कंक्रिट | वार्षिक | ५,०००.०० |
| १२ | सिरक,डसना,कपास उद्योग | वार्षिक | ३,०००.०० |
| १३ | ग्रील सटर उद्योग | वार्षिक | ७,०००.०० |
| १४ | जुत्ता चप्पल उद्योग(सामान्य) | वार्षिक | ५,०००.०० |
| १५ | जुत्ता चप्पल उद्योग(कारखाना) | वार्षिक | १०,०००.०० |
| १६ | खाद्यान्न उद्योग | वार्षिक | १०,०००.०० |
| १७ | डेरी उद्योग | वार्षिक | ५,०००.०० |
| १८ | ह्याचरी उद्योग | वार्षिक | १०,०००.०० |
| १९ | दाना उद्योग | वार्षिक | १०,०००.०० |
| २० | पापड उद्योग | वार्षिक | ३,०००.०० |
| २१ | चाउमिन/चाउचाउ उद्योग | वार्षिक | ५,०००.०० |
| २२ | दालमोठ,भुजिया,नमकिन | वार्षिक | ३,०००.०० |
| २३ | ज्यासल वा आरन राखि काँश,तामा,पित्तल लगायतका धातुजन्य भाँडा | वार्षिक | ५,०००.०० |

| | | | |
|---|---|---|---|
| | निर्माण | | |
| २४ | फर्निचर उद्योग | वार्षिक | १५,०००.०० |
| २५ | स–मिल | वार्षिक | १०,०००.०० |
| २६ | फर्निचर उद्योग सो रुम सहित | वार्षिक | २०,०००.०० |
| २७ | ईटा भट्टा | प्रति गोटा | ०.२५ पैसा |
| २८ | क्रसर | वार्षिक प्रति प्लान्ट | २,००,०००.०० |
| २९ | फिरफिरे | वार्षिक प्रति प्लान्ट | ५०,०००.०० |
| ३० | हब्बर(वासिङ्ग प्लान्ट) | वार्षिक | ६०,०००.०० |
| ३१ | आधुनिक बालुवा धुने उद्योग | वार्षिक | १,००,०००.०० |
| ३२ | ग्याँस उद्योग | प्रति सिलिण्डर | १.०० |
| ३३ | ब्लक उद्योग | वार्षिक | ३,०००.०० |
| ३४ | टायल उद्योग | वार्षिक | ३,०००.०० |
| ३५ | डिजिटल टि.भी सञ्चालन | मासिक प्रति ग्राहक | १.०० |
| ३६ | इन्टरनेट | मासिक प्रति ग्राहक | २.०० |
| ३७ | हाइड्रोपावर | प्रति युनिट | ०.१५ |
| ३८ | पौडी पोखरी | वार्षिक | ३,०००.०० |
| **सवारी साधन मर्मत सम्भार/विक्रि** | | | |
| १ | साइकल विक्री तथा मर्मत | वार्षिक | २,०००.०० |
| २ | साईकल पार्टपुर्जा तथा मर्मत | वार्षिक | २,०००.०० |
| ३ | मोटर साइकल/पावर टेलर/इ–रिक्सा बिक्रि | वार्षिक | १५,०००.०० |
| ४ | पार्टपुर्जा तथा मर्मत | वार्षिक | ५,०००.०० |
| ५ | मोटर साईकल वर्कशप | वार्षिक | ३,०००.०० |
| **हलुका सवारी** | | | |
| १ | शो रुम | वार्षिक | १०,०००.०० |
| २ | पार्टपुर्जा बिक्री तथा मर्मत | वार्षिक | ५,०००.०० |
| ३ | मर्मत मात्र | वार्षिक | ३,०००.०० |
| **हेवी सवारी इक्युप्मेण्ट** | | | |
| १ | शो रुम | वार्षिक | २०,०००.०० |
| २ | पार्टपुर्जा बिक्रि तथा मर्मत | वार्षिक | ७,०००.०० |
| ३ | मर्मत मात्र | वार्षिक | ३,०००.०० |
| ४ | बोडी विल्डर सबै | वार्षिक | ५,०००.०० |

| | | | |
|---|---|---|---|
| ५ | डेन्टिङ पेन्टिङ सबै | वार्षिक | ३,०००.०० |
| टायर | | | |
| १ | शो रुम | वार्षिक | १५,०००.०० |
| २ | रिसोलिङ | वार्षिक | ५,०००.०० |
| ३ | मर्मत तथा पञ्चर | वार्षिक | ३,०००.०० |
| ४ | लेथ मेशिन श्रेणी क | वार्षिक | १०,०००.०० |
| ५ | लेथ मेशिन श्रेणी ख | वार्षिक | ७,०००.०० |
| ६ | पम्पसेट जेनेरेटर डिलर तथा मर्मत | वार्षिक | १०,०००.०० |
| ब्याट्री | | | |
| १ | विक्री | वार्षिक | ५,०००.०० |
| २ | मर्मत | वार्षिक | २,०००.०० |
| ३ | बिक्री तथा मर्मत | वार्षिक | ७,०००.०० |
| अन्य पसल तथा व्यवसाय | | | |
| १ | फलफुल तथा तरकारी पसल थोक | वार्षिक | ५,०००.०० |
| २ | फलफुल तथा तरकारी पसल खुद्रा | वार्षिक | ३,०००.०० |
| ३ | माछा मासु पसल थोक | वार्षिक | ५,०००.०० |
| ४ | माछा मासु पसल खुद्रा | वार्षिक | ३,०००.०० |
| ५ | गल्ला तथा खाद्यान्न खरिद | वार्षिक | ३,०००.०० |
| ६ | खेलौना गीफ्ट तथा उपहार सामग्री पसल थोक | वार्षिक | ५,०००.०० |
| ७ | खेलौना गीफ्ट तथा उपहार सामग्री पसल खुद्रा | वार्षिक | ३,०००.०० |
| ८ | होम डेकोर पसल | वार्षिक | ५,०००.०० |
| ९ | फेन्सी विविध पसल | वार्षिक | ७,०००.०० |
| १० | फेन्सी कपडा पसल | वार्षिक | ५,०००.०० |
| ११ | थान,कपडा पसल कुर्ता सुरवाल,साडी पसल | वार्षिक | ५,०००.०० |
| १२ | भाँडा धातुजन्य पसल | वार्षिक | ५,०००.०० |
| १३ | भाँडा पसल प्लाष्टिक अन्य | वार्षिक | ५,०००.०० |
| १४ | पेन्टिङ,आर्ट पसल | वार्षिक | ३,०००.०० |
| १५ | दुध,दही,घिउ,पनिर विक्रि गर्ने पसल | वार्षिक | ४,०००.०० |
| १६ | अदुवा,अम्रिसो(कुचो) खरिद विक्रि गर्ने पसल | वार्षिक | १,५००.०० |
| १७ | ड्राई क्लिनर | वार्षिक | ३,०००.०० |
| १८ | जुत्ता चप्पल गर्ने होलसेल पसल | वार्षिक | ५,०००.०० |
| १९ | जुत्ता चप्पल विक्री गर्ने खुद्रा पसल | वार्षिक | ३,०००.०० |
| २० | सटिङ्ग सुटिङ्ग सिलाई पसल कपडा विक्री सहित | वार्षिक | १०,०००.०० |
| २१ | सटिङ्ग सुटिङ्ग सिलाई मसल मात्र | वार्षिक | ५,०००.०० |
| २२ | व्याण्ड बाजा,पञ्चेबाजा र नौमती बाजा | वार्षिक | २,५००.०० |

| | | | |
|---|---|---|---|
| २३ | साउण्ड सिष्टम | वार्षिक | ३,०००.०० |
| २४ | अण्डा पसल | वार्षिक | २,५००.०० |
| २५ | गाई,भैसी बाखा पालन व्यवसाय | वार्षिक | २,५००.०० |
| २६ | मौरी पालन व्यवसाय | वार्षिक | १,५००.०० |
| २७ | बंगुर पालन | वार्षिक | ३,०००.०० |
| २८ | माछा पालन व्यवसाय | वार्षिक | २,५००.०० |
| २९ | पोल्ट्री फर्म | वार्षिक | ५,०००.०० |
| ३० | टिकट बुकिङ काउण्टर | वार्षिक | ३,०००.०० |
| ३१ | विज्ञापन ऐजेन्सी व्यवसाय | वार्षिक | ५,०००.०० |
| ३२ | केबुल/नेटवर्क व्यवसाय सञ्चालन | वार्षिक | १०,०००.०० |
| ३३ | साईवर क्याफे | वार्षिक | ५,०००.०० |
| ३४ | इन्टरनेट सेवा प्रदायक व्यवसाय | वार्षिक | २०,०००.०० |
| ३५ | जुत्ता चप्पल मर्मत | वार्षिक | १,०००.०० |
| ३६ | नर्सरी व्यवसाय | वार्षिक | १,५००.०० |
| ३७ | कवाडी खरिद विक्री | वार्षिक | ५,०००.०० |
| ३८ | जिम हाउस | वार्षिक | ३,०००.०० |
| ३९ | स्नुकर,पुल हाउस | वार्षिक | ५,०००.०० |
| ४० | टेलिफोन टावर | वार्षिक | २०,०००.०० |
| ४१ | एफ.एम. रेडियो स्थापना सञ्चालन अनुमती | वार्षिक | १०,०००.०० |
| ४२ | टिभी स्थापना सञ्चालन अनुमती | वार्षिक | २०,०००.०० |

## अनुसूचि ३
## दफा ५ संग सम्वन्धित
## पार्किङ शुल्क

| सि.नं | सवारी साधनको किसिम | इकाइ | दर |
|---|---|---|---|
| १ | वस तथा ट्रक | प्रति घण्टा | २५.०० |
| २ | कार,भेन,जिप | प्रति घण्टा | २०.०० |
| ३ | मोटर साईकल | प्रति घण्टा | १०.०० |

## अनुसूचि ४
## दफा ७ संग सम्वन्धित
## जडीबुटी,कवाडी र जीवजन्तु कर

| सि.नं | विवरण | प्रति इकाई | दर(रु.मा) |
|---|---|---|---|
| १ | जडिवुटी | प्रति केजी | २.०० |

| | | | |
|---|---|---|---|
| २ | वनकस | प्रति केजी | २.०० |
| ३ | धातु जन्य | प्रति केजी | ५.०० |
| ४ | प्लाष्टिक जन्य | प्रति केजी | २.०० |
| ५ | सिसा जन्य | प्रति केजी | २.०० |
| ६ | हाड | प्रति केजी | २.०० |
| ७ | सिङ | प्रति केजी | २.०० |
| ८ | खुर | प्रति केजी | २५.०० |
| ९ | छाला | प्रति केजी | १५.०० |
| १० | खोटो | प्रति केजी | १०.०० |
| ११ | सल्लो सिम्टा | प्रति केजी | १.०० |
| १२ | लोक्ता | प्रति केजी | १००.०० |

## अनुसुचि ५
## दफा ८ संग सम्वन्धित
## सेवा शुल्क

| सि.नं | विवरण | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|
| शौचालय प्रयोग शुल्क | | | |
| १ | दिशा | पटके | १०.०० |
| २ | पिसाब | पटके | ५.०० |
| ३ | स्नान | पटके | ५०.०० |
| सरसफाई तथा फोहोरमैला व्यवस्थापन शुल्क | | | |
| १ | होटल व्यवसाय | मासिक | ५००.०० |
| २ | तरकारी तथा फलफुल व्यवसाय | मासिक | ४००.०० |
| ३ | अस्पताल र नर्सिङ होम | मासिक | ५००.०० |
| ४ | शिक्षण संस्था(नीजि तर्फ) | मासिक | ५००.०० |
| ५ | सरकारी कार्यालय/शिक्षण संस्था | मासिक | २००.०० |
| ६ | गैह्रसरकारी कार्यालयहरु | मासिक | ३००.०० |
| ७ | निजी घर | मासिक | १००.०० |
| ८ | अन्य पसलहरु | मासिक | २००.०० |
| ९ | उद्योग | मासिक | ५००.०० |
| १० | माछा/मासु पसल | मासिक | ४००.०० |
| ११ | मोटर साईकल/साईकल वर्कशप | मासिक | ५००.०० |
| १२ | पोल्ट्री फर्म | मासिक | ५००.०० |

| | | | |
|---|---|---|---|
| अन्य सेवा शुल्कहरु | | | |
| १ | सार्वजनिक सडक वत्ती सेवा शुल्क(बजार क्षेत्रमा मात्र) | वार्षिक | २००.०० |
| २ | डिजिटल तथा अन्य नापी सेवा शुल्क | प्रति कित्ता पटक | ५००.०० |
| ३ | थप कित्ता भए | थप प्रति कित्ता पटक | १००.०० |
| ४ | अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क | प्रतिशत | ०.१% |
| व्यक्तिगत घटना दर्ता | | | |
| १ | प्रमाणपत्र दस्तुर (३६ दिनदेखी माथि) | | ५०.०० |
| २ | प्रमाणपत्रको प्रतिलिपि | | १००.०० |
| घरनक्सा पास दस्तुर (नयाँ तथा पुरानो) | | | |
| १ | अस्थायी टहरा साधारण | वर्ग फिट | १.०० |
| २ | अस्थायी टहरा होटेल उद्योग आदि प्रयोजनको लागी | वर्ग फिट | ३.०० |
| ३ | सिमेन्ट जोडाईको पक्की घर भूई तलासम्मको नक्सा पास र अभिलेखिकरणको सवै तला | वर्ग फिट | ४.०० |
| ४ | सिमेन्ट जोडाईको पक्की घर भूई तला देखी माथि सवै तलाको | वर्ग फिट | ५.०० |
| ५ | कम्पाउन्ट वाल सिमेन्ट जोडाई | वर्ग फिट | १.०० |
| ६ | घर नक्सा नामसारी दस्तुर | वर्ग फिट | २.०० |
| सामान्य सिफारिसहरु | | | |
| १ | नाम थर संशोधन सिफारिस | प्रति सिफारिस | ३००.०० |
| २ | नेपाली नागरिकता प्रमाणपत्र(वंशज) सिफारिस | प्रति सिफारिस | १००.०० |
| ३ | नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि सिफारिस | प्रति सिफारिस | २००.०० |
| ४ | नाता प्रमाणित | प्रति सिफारिस | ३००.०० |
| ५ | सर्जमिन मुचुल्का | प्रति सिफारिस | ३००.०० |
| ६ | वैदेशिक प्रयोजनार्थ नाता प्रमाणित(अंग्रेजी) | प्रति सिफारिस | ५००.०० |
| ७ | संस्था दर्ता/नविकरण सिफारिस | प्रति सिफारिस | ५००.०० |
| ८ | साधारण अन्य सिफारिस | प्रति सिफारिस | १००.०० |
| ९ | तीन पुस्ते फोटो टाँस सिफारिस | प्रति सिफारिस | ३००.०० |
| १० | असहाय,अपांगता भएका दैवि प्रकोप पिडित,छात्रवृत्ति,जेष्ठ नागरिक,एकल महिला सम्वन्धिको सिफारिस | प्रति सिफारिस | ५००.०० |
| जग्गा नामसारी सिफारिस | | | |
| १ | पृथ्वी राजमार्गले छोएको दुवै तर्फका जग्गा | प्रति पटक | ५००.०० |
| २ | ग्रामिण कच्ची सडकले छोएका जगाहरु | प्रति पटक | ३००.०० |

| | | | |
|---|---|---|---|
| ३ | अन्य सवै जग्गा | प्रति पटक | २००.०० |
| **घर जग्गा दर्ता रजिष्ट्रेशन सिफारिस** | | | |
| १ | पृथ्वी राजमार्गले छोएको दुवै तर्फका जग्गा | पटक | ५००.०० |
| २ | ग्रामिण कच्ची सडकले छोएका जग्गाहरु | पटक | ३००.०० |
| ३ | अन्य सबै जग्गाहरु | पटक | २००.०० |
| ४ | विर्ता जग्गा नामासारी | पटक | ५००.०० |
| ५ | जोत छोडपत्र र नाम कट्टा | पटक | २००.०० |
| ६ | गुठी जग्गा राज गुठीमा र रैकर नम्वरीमा परिणत दर्ता नामसारी | पटक | ५००.०० |
| ७ | स्ववासी जग्गाको हक परिणत | पटक | ३००.०० |
| ८ | स्ववासी जग्गाको हक परिणत घर भए प्रति घर थप | पटक | २००.०० |
| ९ | छुट दर्ताको सिफारिस | पटक | ५००.०० |
| **चार किल्ला प्रमाणित** | | | |
| १ | राष्ट्रिय राजमार्ग(पृथ्विको राजमार्ग) र पक्की पिच सडकसंग जोडिएको जग्गाहरु | पटक | ५००.०० |
| २ | कच्ची मोटरवाटो भएका जग्गाहरु | पटक | ३००.०० |
| ३ | अन्य सवै जग्गा | पटक | २००.०० |
| ४ | चार किल्ला प्रमाणित उद्योग र होटल जुनसुकै वडाको | पटक | १,०००.०० |
| ५ | अपुतालि सिफारिस | पटक | ५००.०० |
| ६ | मोही लगत कट्टा सिफारिस | पटक | २००.०० |
| ७ | मोही नामसारी सिफारिस | पटक | २००.०० |
| ८ | घर वाटो सिफारिस | एक मात्र कित्ताको | ५००.०० |
| ९ | थप कित्ता भएमा | थप प्रति कित्ता | १००.०० |
| **उद्योग दर्ता सिफारिस** | | | |
| १ | एक करोड सम्म पुजी लगानी हुनेमा | पटक | ५,०००.०० |
| २ | एक करोड भन्दा माथिको पुजी लगानी हुनेमा | पटक | १०,०००.०० |
| ३ | त्यसपछि प्रतिलाखमा थप | पटक | १००.०० |
| ४ | डिलरसिप सिफारिस | पटक | १,०००.०० |
| ५ | व्यवसाय दर्ता सिफारिस पाँचलाख सम्मको पुजी लगानी हुनेमा | पटक | १,०००.०० |
| ६ | व्यवसाय दर्ता सिफारिस पाँचलाख भन्दा माथिको पुजी लगानी हुनेमा | पटक | १,५००.०० |
| **धारा विजुली जडान सिफारिस दस्तुर** | | | |
| १ | धारा विजुली जडान सिफारिस | पटक | २००.०० |
| २ | धारा विजुली नामसारी सिफरिस | पटक | २००.०० |
| | | | |

| | | | |
|---|---|---|---|
| घर व्लक नम्वर दस्तुर | | | |
| १ | घर व्लक नंम्वर (नयाँ) | पटक | १००.०० |
| २ | घर व्लक नं नामसारी | पटक | १००.०० |
| वार्षिक आम्दानी प्रमाणित दस्तुर (सम्पतिकर निर्धारण प्रयोजनको लागि कायम भएको मुल्यको आधारमा लिन) | | | |
| १ | वैदेशिक रोजगार वा अध्ययनमा जाने नागरिक वा निजको परिवारको लागि | प्रतिशत | ०.१ |
| २ | कृषि प्रयोजनको लागि | प्रतिशत | ०.०५ |
| ३ | व्यापारिक प्रयोजनको लागि | प्रतिशत | ०.१ |
| ४ | प्लटिङ्ग अनुमती प्रदान प्रति आना | प्रतिशत | ५,०००.०० |
| ५ | सवै किसिमको प्रमाणित शुल्क | | ५००.०० |
| अन्य विक्रि | | | |
| १ | घटना दर्ता फारम | | निःशुल्क |
| २ | अन्य सबै किसिमका फारमहरु | प्रति गोटा | ५०.०० |
| ३ | नक्सा दर्ता किताब | प्रति गोटा | ५००.०० |
| ४ | विलम्व शुल्क | प्रति वर्ष | १०% |
| ५ | सार्वजनिक स्थानमा निर्माण सामग्री थुपारे वापत लाग्ने शुल्क (प्रति वर्ग मि.) | प्रति घण्टा | ५.०० |
| निषेधित स्थानमा भारी सवारी साधन प्रवेश गरे वापत | | | |
| १ | पहिलो पटक | पटक | ५००.०० |
| २ | दोश्रो पटक | पटक | २,०००.०० |
| ३ | दुई भन्दा वढी पटकको प्रति पटक | पटक | ५,०००.०० |

## अनुसुचि ६
## दफा ९ संग सम्वन्धित
## प्रदुषण नियन्त्रण शुल्क

| सि.नं | विवरण | प्रति इकाई | तोकिएको दर |
|---|---|---|---|
| १ | ठुलो गाडिबाट ढुवानी हुन बालुवा,ढुङ्गा र गिट्टी | प्रति ट्रिप | १,०००.०० |
| २ | स्थानीय स्तरमा सानो गाडीबाट ढुवानी हुने बालुवा र गिट्टी | प्रति ट्रिप | ५००.०० |

## अनुसुचि ७
## दफा १० संग सम्वन्धित
## विज्ञापन कर

| सि.नं | विवरण | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|
| विज्ञापन कर (गाउँपालिकाले निषेधित गरेको क्षेत्रमा वाहेक) | | | |
| १ | होर्डिङ वोर्ड १२ स्क्वायर फिट सम्म | वार्षिक | १०००.०० |
| २ | होर्डिङ वोर्ड १२ स्क्वायर फिट भन्दा माथि ३० स्क्वायर फिट सम्म | वार्षिक | १,५००.०० |
| ३ | होर्डिङ वोर्ड ३० स्क्वायर फिट भन्दा माथि प्रति स्क्वायर फिट | वार्षिक | ५०.०० |
| ४ | भित्ते लेखन प्रति स्क्वायर फिट | वार्षिक | २०.०० |
| ५ | व्यानर १२ स्क्वायर फिट सम्म प्रति व्यानर | वार्षिक | ३०.०० |
| ६ | व्यानर १२ स्क्वायर फिट भन्दा माथि प्रति ब्यानर | वार्षिक | ४०.०० |
| ७ | पोलमा राख्ने वोर्ड ९ स्क्वायर फिट सम्म (सो भन्दा माथि राख्न नपाईने) बार्षिक | वार्षिक | ७००.०० |
| ८ | फ्लेक्स वोर्ड (व्यापार व्यवसाय) १२ स्क्वायर फिटसम्म (पसल बाहिरका) वार्षिक | वार्षिक | १०००.०० |
| ९ | फ्लेक्स वोर्ड (व्यापार व्यवसाय) १२ स्क्वायर फिट माथि(पसल वाहिरका) वार्षिक | वार्षिक | १,५००.०० |
| १० | पोलमा राख्ने वोर्ड वढीमा ६ स्क्वायर फिट सम्मको प्रति एकको वार्षिक | वार्षिक | ५००.०० |
| मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापनमा ५० प्रतिशत थप गरी विज्ञापनकर असूल गरिने छ। | | | |

## अनुसुचि ८
## दफा ११ संग सम्वन्धित
## मनोरञ्जन कर

| सि.नं | विवरण | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|
| १ | पार्क पिकनिक स्पट | वार्षिक | १,०००.०० |
| २ | क्यासिनो | वार्षिक | ५,०००.०० |
| ३ | जादु सर्कस वापत | वार्षिक | १०,०००.०० |
| ४ | मसाज पार्लर | वार्षिक | १०,०००.०० |
| ५ | फिल्म हल संचालन | वार्षिक | ५,०००.०० |
| ६ | नाट्यशाला संचालन वापत | वार्षिक | १०,०००.०० |

## अनुसुचि ९
## दफा १२ संग सम्वन्धित
## दहत्तर वहत्तर शुल्क

| सि.नं | विवरण | इकाई | दर (संकलन शुल्क) | दर (निकासी शुल्क) |
|---|---|---|---|---|
| १ | ढुंगा गिटी बालुवा स्लेट,ग्राभेल र रोडा आन्तरिक विक्री घाटगद्धि गाउँपालिका भित्र | प्रति क्युव फिट | रु २.०० | रु. ४.०० |
| २ | ढुंगा गिटी बालुवा स्लेट,ग्राभेल र रोडा आन्तरिक विक्री घाटगद्धि गाउँपालिका भित्र | प्रति क्यु फि. | रु ३.०० | रु ६.०० |
| ३ | माटो आन्तरीक विक्री एवं घाट गद्धि | प्रति क्यु.फि.प्रति | पच्चीस पैसा | रु १.०० |
| ४ | माटो जिल्ला वाहिर निकासी | प्रति क्यु.फि.प्रति | पचास पैसा | रु. २.०० |

## अनुसुचि १०
## दफा १३ संग सम्वन्धित
## पर्यटन शुल्क

| सि.नं | विवरण | प्रति व्यक्ति | तोकिएको दर |
|---|---|---|---|
| १ | ढुंगा गिटी बालुवा स्लेट,ग्राभेल र रोडा आन्तरिक विक्री घाटगद्धि गाउँपालिका भित्र | प्रति क्युव फिट | रु २.०० |

## अनुसुचि ११
## दफा १४ संग सम्वन्धित
## पटके सवारी साधन कर

| सि.नं | विवरण | इकाई | तोकिएको दर |
|---|---|---|---|
| १ | हलुका सवारी साधन (साना) | प्रति गोटा प्रति पटक | ३०.०० |
| २ | आइचर,निशान ट्रक,ट्रिपर(मझौला) | प्रति गोटा प्रति पटक | ६०.०० |
| ३ | ठुला सवारी साधन वस,ट्रक,ट्रिपर,हेवी इक्युपमेन्ट | प्रति गोटा प्रति पटक | १००.०० |

प्रमाणिकरण मितिः